नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय

EX: पो.व.नं. :३९८७
सिंहदरवार, काठमाण्डौ

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

सूचना! सूचना !! सूचना !!!

वातावरण संरक्षण नियमावली ,२०७७ को नियम ४८ अनुसार वातावरणीय अध्ययन प्रतिवेदन सुझाव समितिमा रहने वातावरण विज्ञहरुको सूची (Roster)को लागि यस मन्त्रालयको सूचनापाटी र वेभसाइटमा मिति २०८०।०४।२६ गते देखि लागु हुने गरी एक महिनाको म्याद राखी दरखास्त आह्वान गरिएको व्यहोरा वन तथा वातावरण मन्त्रालय (सचिवस्तर) को मिति २०८०।०४।२४ को निर्णयानुसार अनुरोध छ ।

(क) वातावरण संरक्षण ऐन, २०७६ को दफा ७(२) मा व्यवस्था भए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदनमा राय सूझाव दिनको लागि गठन हुने सुझाव समितिमा वातावरण विज्ञको रुपमा काम गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित प्रावधानहरुको अधीनमा रही यो सूचना प्रकाशन भएको मितिले १( एक) महिना भित्र रितपूर्वक निम्न ठेगानामा दरखास्त पेश गर्नुहुन अनुरोध गरिन्छ । यस सम्बन्धी जानकारी यस मन्त्रालयको सूचना पाटी र website :-www.mofe.gov.np मा समेत राखिएको व्यहोरा समेत अनुरोध छ ।

आवश्यक कागजात :-

(क) वैयक्तिक विवरण
(ख) शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी
(ग) कार्य अनुभव सम्बन्धी प्रमाण
(घ) वातावरणीय अध्ययन सम्बन्धी तालिम लिएको भए सो सम्बन्धी कागजातको प्रमाण

(१) शैक्षिक योग्यता :-
नेपाल सरकारद्धारा मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको:

( क) सिभिल इन्जिनियरिङ्ग वा मेकानिकल इन्जिनियरिङ्ग वा केमिकल इन्जिनियरिङ्ग वा इलेक्ट्रिकल इन्जिनियरिङ्ग वा आर्किटेक्ट इन्जिनियरिङ्ग वा हाइड्रोपावर इन्जिनियरिङ्ग वा कृषि इन्जिनियरिङ्ग, भूगर्भ इन्जिनियरिङ्ग माईनिङ्ग इन्जिनियरिङ्ग वा औद्योगिक इन्जिनियरिङ्ग वा रेल्वे इन्जिनियरिङ्ग वा मेटालर्जिक इन्जिनियरिङ्ग वा जलस्रोत इन्जिनियरिङ्ग वा भौतिक विज्ञान वा रसायन विज्ञान वा भूगर्भ शास्त्र वा सहरी विकास

( ख) स्वास्थ्य, वा जनस्वास्थ्य विज्ञान वा चिकित्सा शास्त्र वा अस्पताल व्यवस्थापन

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
EX: पो.ब.नं. :३९८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

(ग) वन विज्ञान वा वन्यजन्तु विज्ञान वा वा जलाधार व्यवस्थापन वा फोहोरमैला व्यवस्थापन वा वा प्राकृतिक स्रोत व्यवस्थापन

(घ) कृषि विज्ञान,

(ङ) मानवशास्त्र वा ग्रामीण विकास वा समाजशास्त्र वा अर्थशास्त्र वा पुरातत्व शास्त्र वा दीगो विकास वा अर्थशास्त्र वा योजना ब्यवस्थापन

(च) वातावरण कानून

(छ) वातावरण विज्ञान वा वावरण व्यवस्थापन वा वा वातावरण इन्जिनियरिङ्ग वा वातावरण सम्वन्धी अन्य विषय

(ज) जीव विज्ञान वा वनस्पति विज्ञान

(२)कार्य अनुभवः-

देहाय बमोजिम कार्य अनुभव भएको:

(क) नेपाल सरकारको कुनै निकाय वा नेपाल सरकारबाट मान्यता प्राप्त संघ, संस्थामा कम्तिमा रा.प.तृतीय श्रेणी वा सो सरहको पदमा २ वर्ष वातावरणीय अध्ययन ,पुनरावलोकन वा स्वीकृती प्रक्रिया संलग्न भई कार्य गरेको वा

(ख) वातावरणणीय अध्ययन प्रतिवेदन तयार गर्ने कार्यमा कम्तिमा ५ वर्ष वा सो भन्दा वढी कार्य अनुभव भएको वा

(ग) माथि उल्लिखित विषयमा ५ वर्ष भन्दा वढी अध्यापन तथा अनुसन्धान गरेको वा

(घ)वातावरणीय अध्ययन प्रतिवेदन सूझाव समितिमा विज्ञको रुपमा रही काम गरेको ।

(२) यस अघि Roster भएका विज्ञहरुले पनि यसै सूचना वमोजिम अद्यवधिक गर्नु हुन अनुरोध छ ।

(३) इच्छुक महानुभावहरुले शैक्षिक योग्यता र अनुभव सम्वन्धी आवश्यक कागजातको छाया प्रति (Hardcopy) नै पेश गर्नुपर्ने छ ।

(३) दरखास्त बुझाउने ठेगानाः- वन तथा वातावरण मन्त्रालय, ( वातावरण तथा जैविक विवधता महाशाखा ) सिंहदरबार, काठमाडौं, सम्पर्क नं. ०१-४२११६३८

२०८०।४।२९

खिलानाथ दाहाल
वन अधिकृत

फोन नं. :-४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४ फ्याक्स नं. :- ४२११८६८